# विद्युतीय माध्यमबाट बीजक (e-Billing) जारी गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको जरुरी सूचना

सूचना प्रकाशन मितिः २०७९/०२/२०

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४क. को उपदफा (२) तथा आयकर ऐन, २०५८ को दफा ८१ को उपदफा (४) बमोजिम देहायका करदाताहरुले आन्तरिक राजस्व विभागले तोकेको मापदण्ड, शर्त र प्रक्रियाको अधिनमा रही आगामी आ.व. अर्थात मिति २०७९/०४/०१ देखि लागू हुने गरी अनिवार्य रुपमा विद्युतीय माध्यम(ईविलिङ्ग वा कम्प्यूटर विलिङ्ग)बाट बीजक जारी गर्ने गरी तोकिएकोले सम्बन्धित सरोकारवाला सबैमा यो सूचना जारी गरिएको छ।

**अनिवार्य रुपमा विद्युतीय विजक जारी गर्ने गरी तोकिएका थप करदाताहरुः**

(क) **आ.व. २०७७/७८ वा २०७८/७९ को मूल्य अभिवृद्धि कर तथा आय विवरण मध्ये कुनै एक आ.व.को कारोबार रकम रु.१० करोड भन्दा बढीको जुनसुकै वस्तु तथा सेवाको कारोबार गरेका करदाताहरु**
***(तर कारोबारको प्रकृति अनुसार उपभोक्ता/ग्राहकलाई प्रत्यक्ष रुपमा विजक जारी नगर्ने बैंक/वित्तीय संस्था जस्ता निकायको कारोवारको हकमा यो व्यवस्था लागू नहुने)***

(ख) **बक्स अफिस प्रणालीमा आबद्ध भएका सम्पूर्ण सिनेमा हलहरु(काठमाडौं उपत्यका बाहिरका समेत)**

माथि उल्लेख गरिएको करदाता लगायत यस विभागको विभागको मिति २०७५/११/२९ को सूचनामा तोकिएका देहायका करदाताहरुले अनिवार्य रुपमा विद्युतीय विजक जारी गर्नु पर्ने प्रावधान निरन्तर रुपमा रहेको छः

(क) वार्षिक रु.५ करोड भन्दा बढीको होटल, रेष्टुरेण्ट तथा चमेना गृह र इण्टरनेट सेवा प्रदायक(ISP)को कारोबार गरेका करदाताहरु

(ख) वार्षिक रु.१० करोड भन्दा बढीको कारोबार गरेका डिपार्टमेन्टल स्टोर, मार्ट र फ्लोरिङ्ग तथा फर्निसिङको कारोबार गरेका करदाताहरु

(ग) बक्स अफिस प्रणालीमा आबद्ध काठमाडौं उपत्यका भित्रको सिनेमा हलहरु

यस सूचनामा तोकिएका कारोबार गर्ने बाहेकका जुनसुकै करदाताले अनुमति लिई स्वेच्छिक रुपमा विद्युतीय विजक जारी गर्न सक्नेछ। तर यस भन्दा अगाडि नै अनुमति लिई विद्युतीय विजक जारी गरिरहेका करदाताहरुले पुनः अनुमति लिनु पर्ने छैन। विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यक्तिले विभागमा सूचीकरण गरिएका विद्युतीय उपकरण तथा सफ्टवेयरहरु मात्र प्रयोग गर्नु पर्नेछ।

थप जानकारीको लागि आफू दर्ता रहेको कार्यालयमा सम्पर्क गर्नु हुन तथा विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ अध्ययन गर्नुहोला। विभागमा **सूचीकरण गरिएका विद्युतीय विजक सफ्टवेयरहरुको सूची** तथा **विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४** विभागको वेभ साइट www.ird.gov.np मा राखिएको छ।